Volume 05, Issue 01, 2026. pp. 107–112
Research Article
DOI: https://doi.org/10.62078/grks.2026.v05i01.009

GS WOW
Wisdom of Worthy Research Journal

# बाजुराः भाषा, संस्कृति र पहिचानको त्रिवेणी

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस

**Article Info.**

***Email***
joshihema262@gmail.com

***Article History***
Received: May 14, 2026
Accepted: July 09, 2026

***Cite***
Joshi, H. (2026). बाजुरा: भाषा, संस्कृति र पहिचानको त्रिवेणी. *GS WOW: Wisdom of Worthy Research Journal, 5*(1), 107–112. https://doi.org/10.62078/grks.2026.v05i01.009

**लेखसार**

प्रस्तुत लेख नेपालको सुदूरपश्चिम प्रदेशमा अवस्थित बाजुरा जिल्लाको विशिष्ट भाषा, समृद्ध लोकसंस्कृति र सामाजिक पहिचानबीचको अन्तरसम्बन्धलाई उजागर गर्न केन्द्रित छ। यसका लागि पुस्तकालयीय विधिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरुको सङ्कलन, अध्ययन र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ। कर्णाली र बुढीगंगा नदीको ऐतिहासिक सभ्यतासँग जोडिएको बाजुरा भाषिक र सांस्कृतिक दृष्टिकोणले अत्यन्तै वैभवशाली भूभाग हो। यहाँ बोलिने रैथाने 'बाजुराली भाषिका' (डोटेली/खस भाषाको स्थानीय रूप), सिंगो सुदूरपश्चिमकै धरोहरका रूपमा रहेका देउडा, हुड्केली, भुवा नाच जस्ता लोकसंस्कृति र यहाँका बासिन्दाको विशिष्ट जीवनशैलीले बाजुरालाई पहिचानको एक बलियो त्रिवेणीका रूपमा स्थापित गरेका छन्। गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको यस अध्ययनमा बाजुराको मौलिक भाषिक वैशिष्ट्य, सांस्कृतिक सम्पदा र आधुनिकताका कारण यस क्षेत्रको रैथाने पहिचानमा परेको प्रभाव तथा यसको पुस्तान्तरणका चुनौतीहरूको विश्लेषणात्मक चर्चा गरिएको छ। विश्वव्यापीकरण र तीव्र बसाइँसराइले गर्दा मौलिक संस्कृति र भाषिका संकटमा पर्दै गएको निष्कर्ष निकाल्दै यस लेखले स्थानीय पाठ्यक्रममा रैथाने ज्ञानको समावेश र अभिलेखीकरण मार्फत बाजुराको पहिचान जोगाउनुपर्ने आवश्यकतामा जोड दिएको छ।

*मुख्य शब्दावली:* बाजुराली भाषिका, लोकसंस्कृति, देउडा, सामाजिक पहिचान, साङ्स्कृतिक रूपान्तरण

## विषय परिचय

नेपालको सुदूरपश्चिम प्रदेशमा अवस्थित बाजुरा जिल्ला भौगोलिक रूपमा विकट भए तापनि ऐतिहासिक, भाषिक र सांस्कृतिक दृष्टिकोणले अत्यन्तै वैभवशाली क्षेत्र हो। कर्णाली र बुढीगंगा नदीको सभ्यतासँग जोडिएको यो भूभाग प्राचीन खस साम्राज्यको ऐतिहासिक विरासतसँग एकाकार छ (शर्मा, २०७०, पृ. ३४)। बाजुराको भूगोल, यहाँको समाज र रैथाने जनजीवनको त्रिकोणात्मक सम्बन्धबाट नै यहाँको विशिष्ट पहिचान निर्मित भएको देखिन्छ (विष्ट, २०७५, पृ. १२)। यहाँको माटो र जनजीवनको सुगन्ध नै भाषा र संस्कृतिमा प्रतिविम्बित हुने गरेको पाइन्छ। भाषिक रूपमा बाजुराली भाषिका नेपाली भाषाको जननी मानिने ऐतिहासिक खस भाषाको एक संवर्द्धित र जीवन्त रूप हो। यस भाषिकामा प्राचीन व्याकरणिक रूप, मौलिक नामयोगी र रैथाने शब्दभण्डार अझै पनि सुरक्षित छन्, जसले यसलाई मानक नेपाली भाषाभन्दा पृथक् पहिचान दिन्छन् (जोशी, २०७८, पृ. ४८)। मौखिक परम्पराma आधारित यहाँका उखान–टुक्का र लोककथाहरूले स्थानीय ज्ञान र इतिहासलाई पुस्तान्तरण गर्ने बलियो कडीका रूपमा कार्य गर्दै आएका छन् (त्रिपाठी, २०७२, पृ. ८८)।


Copyright © 2026: Author(s). Published by Gaurishankar Campus

सास्कृतिक दृष्टिकोणले बाजुरा देउडा, हुड्केली, भुवा नाच र अनन्ते जस्ता अद्वितीय एवं जीवन्त लोकसंस्कृतिको उर्वर भूमि हो । यहाँ खेलिने देउडाका पदहरूले केवल सुख–दुःखको अभिव्यक्ति मात्र नभएर सामाजिक चेतना र समसामयिक इतिहासको सशक्त अभिलेखीकरण समेत गर्दछन् (शाही, २०७९, पृ. १६) । साथै, बडिमालिका र बुढीनन्दा जस्ता सुप्रसिद्ध धार्मिक तीर्थस्थलहरूले यस क्षेत्रको सांस्कृतिक र आध्यात्मिक गरिमालाई राष्ट्रिय स्तरमा स्थापित गरेका छन् । अन्ततः, भाषा र संस्कृतिको यही समिश्रणबाट नै विशिष्ट बाजुराली पहिचानको जग निर्माण भएको छ। तर, वर्तमान समयमा तीव्र बसाइँसराइ, आधुनिकता र प्रविधिको संसर्गका कारण यो मौलिकता संकटमा पर्दै गएको छ (नेपाली, २०८१, पृ. १०२) । तसर्थ, बाजुराको रैथाने भाषिक तथा सांस्कृतिक पूँजीको जगेर्ना र अभिलेखीकरणका लागि यो विषयको गहन प्राज्ञिक विमर्श र अनुसन्धान समसामयिक रूपमा अपरिहार्य देखिन्छ।

## समस्याकथन र उद्देश्य

बाजुरा जिल्लाको रैथाने भाषा र संस्कृति यहाँको ऐतिहासिक पहिचानको मेरुदण्ड भए तापनि आधुनिकता, तीव्र बसाइँसराइ र भूमण्डलीकरणको बढ्दो प्रभावका कारण यो मौलिक सम्पदा दिनानुदिन सङ्कटमा पर्दै गइरहेको छ। नयाँ पुस्तामा बाजुराली भाषिकाको प्रयोग घट्दै जानु र देउडा, हुड्केली जस्ता रैथाने लोकसंस्कृतिहरू पुस्तान्तरण हुन नसक्दा बाजुराको ऐतिहासिक पहिचान नै हराउने जोखिम बढेको छ । यही परिवेशमा यस अध्ययनले यहाँको भाषिक–सांस्कृतिक अवस्था र यसको संरक्षणका चुनौतीहरूको प्राज्ञिक विश्लेषण गर्ने जमर्को गरेको छ । आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन्।

१) बाजुराली भाषा र लोकसंस्कृतिको वर्तमान अवस्था पहिचान गर्नु।

२) आधुनिकताको प्रभाव विश्लेषण गरी संरक्षणका उपायहरू पहिल्याउनु।

उपर्युक्त शोध्य प्रश्नहरूको निराकरण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययन विधि

उपर्युक्त अध्ययनका उद्देश्यहरू हासिल गर्नका लागि विशेषगरी द्वितीयक स्रोतको प्रयोग गरिएको छ। लेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका रूपमा पुस्तकालय कार्य मार्फत भाषा, संस्कृति र स्थानीय पाठ्यपुस्तकसँग सम्बन्धित पूर्वप्रकाशित जर्नल, पुस्तक र प्रतिवेदनहरूको अध्ययन गरिएको छ।

### बाजुराली भाषिकाको भाषिक वैशिष्ट्य र वर्तमान अवस्था

सुदूरपश्चिम प्रदेशको पहाडी भूभागमा बोलिने बाजुराली भाषिका नेपाली भाषाको उत्पत्तिको ऐतिहासिक थलो मानिने खस भाषाको एक संवर्द्धित र जीवन्त रूप हो (आचार्य, २०६५, पृ. ११२) । यस भाषिकाको आफ्नै विशिष्ट भौगोलिक र सामाजिक परिवेश छ, जसले गर्दा यसमा प्राचीन नेपाली भाषाका व्याकरणिक रूपहरू र रैथाने शब्दभण्डारहरू अझै पनि सुरक्षित रैराखेका छन् । बाजुराली समाजको मौखिक परम्परा, लोकसाहित्य र दैनिक व्यवहारको मुख्य माध्यम नै यो भाषिका हो। तसर्थ, यो भाषिका सिंगो बाजुराली संस्कृति र पहिचानलाई जोड्ने पहिलो र बलियो कडीका रूपमा रहेको छ । भाषिक वैशिष्ट्यका दृष्टिकोणले बाजुराली भाषिकामा मानक नेपाली भाषाभन्दा पृथक् ध्वनितात्त्विक, व्याकरणिक र शब्दभण्डारगत सुवास पाइन्छ (Joshi, 2020, p. 94) । यस भाषिकामा शश, षश र सस को उच्चारणमा एकरूपता पाइन्छ भने क्रियापद र सर्वनामका रूपहरू विशिष्ट छन् । उदाहरणका लागि, मानक नेपालीको 'आफ्नो' शब्दलाई यहाँ 'आपुनो' वा 'आफ्नो', 'भोलि' लाई 'भोल', र 'के गर्दैछौ' लाई 'के कद्दायौ' जस्ता रैथाने रूपमा प्रयोग गरिन्छ । यस्ता मौलिक नामयोगी र क्रियापदका रूपहरूले गर्दा यो भाषिका सुन्नमा अत्यन्तै मिठो, आत्मीय र ऐतिहासिक रूपमा गहिरो देखिन्छ।

वर्तमान अवस्थालाई हेर्दा, बाजुराका ग्रामीण क्षेत्रहरूमा यो भाषिका अझै पनि आमसञ्चार र सामाजिक अन्तर्क्रियाको मुख्य माध्यम बनेको छ गाउँघरका ज्येष्ठ नागरिकहरू, लोकगायकहरू र ग्रामीण परिवेशमा हुर्किरहेका बालबालिकाहरूमा यसको प्रयोग जीवन्त छ

मौखिक रूपमा हस्तान्तरण हुँदै आएका उखान–टुक्का, आहान, लोककथा र देउडाका भाकाहरूमा बाजुराली भाषिकाले स्थानीय ज्ञान, सीप र इतिहासलाई दरिलो गरी जोगाएर राखेको पाइन्छ, जसले बाजुराली हुनुको अपनत्व बोध गराउँछ। तर, आधुनिकता, सूचना प्रविधिको तीव्र विकास र तीव्र बसाइँसराइको वर्तमान लहरले यस भाषिकाको अस्तित्वमाथि बिस्तारै चुनौतीहरू थप्दै लगेको छ। औपचारिक शिक्षामा मानक नेपाली भाषाको आधिपत्य र सहरीकरणको प्रभावका कारण नयाँ पुस्तामा रैथाने बाजुराली शब्दहरूको प्रयोग क्रमशः खुम्चिँदै गइरहेको तथ्य अध्ययनहरूले देखाउँछन् (Turin, 2007, p. 41)। विद्यालय तहका प्रारम्भिक कक्षाहरूमा स्थानीय भाषिका र रैथाने शब्दभण्डारलाई पर्याप्त स्थान दिन नसकिँदा यो भाषा पुस्तान्तरणको गम्भीर सङ्कट उन्मुख देखिन्छ, जसका लागि स्थानीय पाठ्यक्रम मार्फत यसको संवर्द्धन गर्नु आवश्यक भइसकेको छ

**लोकसांस्कृतिक अवयवहरू (देउडा, हुड्केली र भुवा) को स्वरूप**

बाजुराको लोकसंस्कृति यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक पृष्ठभूमि र मानव चेतनाको सुन्दर समिश्रण हो। कर्णाली र बुढीगंगा नदीको सुसेलीसँगै हुर्किएको बाजुराली समाजले आफ्ना जीवनका हरेक भोगाइ, उत्सव र रोदनलाई लोकसंस्कृतिका माध्यमबाट अभिव्यक्त गर्दै आएको छ। यहाँको लोकसंस्कृति कुनै कृत्रिम प्रदर्शन नभएर मानव जीवनको जीवन्त उत्सव हो (आर्याल, २०७५, पृ. ६४)। यसै सांस्कृतिक त्रिवेणीका प्रमुख तीन स्तम्भहरू देउडा, हुड्केली र भुवा नाच हुन्, जसले बाजुरालाई सिङ्गो सुदूरपश्चिमकै साङ्स्कृतिक राजधानीका रूपमा स्थापित गराएका छन्। देउडा बाजुराली लोकजीवनको मुटु र सबैन्दा लोकप्रिय सांस्कृतिक अवयव हो। यो केवल मनोरञ्जनका लागि खेलिने खेल वा गाइने गीत मात्र होइन, बल्कि बाजुराली समाजको मौखिक इतिहास, दर्शन, सामाजिक चेतना र समसामयिक राजनीतिको ऐना पनि हो। पुरुष र महिलाहरूका दुई विपरीत समूहले एकापसमा हात समातेर, पैतालाको विशिष्ट ताल मिलाई गोलाकार घेरामा खेलिने देउडा (विशेष गरी ढुस्को र भारी खेल) मा प्रस्तुत गरिने लोकभाकाहरू अत्यन्तै मर्मस्पर्शी हुन्छन्। देउडाका माध्यमबाट समाजका विसङ्गतिमाथि व्यङ्ग्य गरिने मात्र नभई ऐतिहासिक घटनाक्रमहरूलाई समेत गीतका माध्यमबाट पुस्तान्तरण गर्ने काम गरिन्छ।

हुड्केली बाजुराको अर्को ऐतिहासिक र विशिष्ट लोकसांस्कृतिक धरोहर हो, जुन विशेष गरी वीरगाथा (भारत) गायनसँग सम्बन्धित छ हुड्को नामक रैथाने वाद्यवादन बजाउँदै, विशेष पोसाकमा सजिएर, ढाल र तरबार नचाउँदै प्रस्तुत गरिने यो नाचले प्राचीन खस साम्राज्य र बाजुराका ऐतिहासिक कोट तथा राज्यहरूको सैन्य कौशल र वीरताको कथालाई पुनर्जीवित गराउँछ। हुड्केली कलाका माध्यमबाट ऐतिहासिक युद्धहरू, राजाहरूको पराक्रम र सामाजिक वीरहरूको गाथा गाउने परम्परा रहेको छ। यसले समाजलाई आफ्नो ऐतिहासिक गौरव र पहिचानको स्मरण गराउन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

त्यसैगरी, महाभारतकालीन इतिहास र द्वापरयुगको साङ्स्कृतिक विरासत बोकेको 'भुवा नाच' बाजुराको सौर्य र वीरताको प्रतीक हो। विशेष गरी पुस महिनाको औँसीको आसपासमा खेलिने यस नाचमा हातमा नाङ्गो तरबार र ढाल लिएर दमाहा र झ्यालीको तालमा ढाल तरबारको युद्धकौशल प्रदर्शन गरिन्छ। पाण्डव र कौरवबीचको युद्धको स्मृति तथा असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा खेलिने यो नाचले बाजुराली पुरुषहरूको शारीरिक सामर्थ्य, अनुशासन र वीरताको प्रतिनिधित्व गर्दछ। भुवा नाचका क्रममा गाइने 'भैलो' र 'मागल' हरूमा आध्यात्मिक र ऐतिहासिक चेतना प्रगाढ रूपमा बुनिएको हुन्छ।

सास्कृतिक दृष्टिकोणले बाजुरा केवल यस्ता नाच र गीतहरूमा मात्र सीमित छैन, यसको गरिमा बडिमालिका र बुढीनन्दा जस्ता सुप्रसिद्ध धार्मिक र आध्यात्मिक तीर्थस्थलहरूसँग पनि जोडिएको छ। बडिमालिकाको मेलाका अवसरमा प्रदर्शन गरिने विभिन्न लोकझाँकीहरू, हुड्केली र देउडाले यस क्षेत्रको सास्कृतिक प्रवर्द्धनलाई राष्ट्रिय स्तरमा स्थापित गरेका छन्। यी जात्रा र धार्मिक पर्वहरूले बाजुराका ग्रामीण र सहरी क्षेत्रका

मानिसहरूलाई एकै थलोमा ल्याएर सामाजिक सद्भाव, आपसी भाइचारा र सामुदायिक पूँजी निर्माणमा अतुलनीय योगदान पुऱ्याउँदै आएका छन् (Gautam & Thapa-Magar, 1994, p. 115)।

तर, वर्तमान समयमा आधुनिकताको तीव्र लहर, प्रविधिको संसर्ग र पुस्तान्तरणको शून्यताका कारण यी मौलिक लोकसांस्कृतिक अवयवहरूको स्वरूपमा व्यापक परिवर्तन र सङ्कट देखा पर्न थालेको छ। युवा पुस्ताको रोजगारी र शिक्षाका लागि हुनेसँगैको तीव्र बसाइँसराइले गर्दा गाउँघरमा हुड्केली र भुवा नाच सिकाउने र खेल्ने मानिसहरूको अभाव खड्किन थालेको छ। परम्परागत लोकभाका र रैथाने वाद्यवादनहरूलाई आधुनिक डिजिटल र पप सङ्गीतले विस्थापित गर्दै लैजाँदा संस्कृतिको मौलिकता र यसको रैथाने सुवास हराउने जोखिम टड्कारो बनेको छ। अन्ततः, देउडा, हुड्केली र भुवा नाच केवल बाजुराका लोकसंस्कृति मात्र होइनन्, यिनीहरू त बाजुराली पहिचान र अस्तित्वका प्राण हुन्। यिनको संरक्षण र सम्वर्द्धनका लागि विद्यालय तहका पाठ्यक्रममा यस्ता मौलिक सांस्कृतिक पाटाहरूलाई समावेश गर्नु, रैथाने ज्ञान र सीपको अभिलेखीकरण गर्नु र युवा पुस्तालाई यसको ऐतिहासिक महत्त्व बुझाउनु आजको मुख्य आवश्यकता हो। भाषा र संस्कृतिको यो त्रिवेणीलाई संरक्षण गर्न सके मात्र बाजुराको गौरवशाली पहिचान आगामी पुस्ताका लागि सुरक्षित रहन सक्ने देखिन्छ।

## आधुनिकता, सामाजिक रूपान्तरण र पहिचानको संकट

वर्तमान समयमा विश्वव्यापीकरण, सूचना प्रविधिको तीव्र विकास र आधुनिकताको लहरले बाजुराली समाजको परम्परागत बनोट र जीवनशैलीमा व्यापक फेरबदल ल्याइदिएको छ। कुनै समय भौगोलिक विकटताका कारण आफ्नै मौलिक स्वरूपमा अक्षुण्ण रहेको बाजुराको समाज अचेल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार र संस्कृतिको प्रत्यक्ष संसर्गमा पुगेको छ। यो सामाजिक रूपान्तरणले एकातिर स्थानीय चेतना र आर्थिक अवसरहरूमा वृद्धि त गरेको छ, तर अर्कातिर बाजुराको मौलिक भाषा र संस्कृतिलाई विस्थापनको संघारमा पुऱ्याएर पहिचानको गम्भीर संकट समेत पैदा गरिदिएको छ। यो संकटको सबैभन्दा ठूलो प्रभाव बसाइँसराइको प्रवृत्तिका कारण देखा परेको छ। बाजुराका ग्रामीण क्षेत्रहरूबाट अध्ययन, रोजगारी र सहज जीवनयापनका लागि जिल्लाकै सहरी क्षेत्र वा तराईका जिल्लाहरू (जस्तै कैलाली र कञ्चनपुर) तर्फ तीव्र बसाइँसराइ भइरहेको छ। यसरी थातथलो छोडेर नयाँ वातावरणमा घुलमिल हुने क्रममा मानिसहरूले आफ्नो रैथाने बाजुराली भाषिका बोल्न छोड्दै गएका छन् भने नयाँ पुस्ता पूर्ण रूपमा मानक नेपाली वा अंग्रेजी भाषाको प्रभावमा हुर्कँदै छ। परिणामस्वरूप, पुस्ता दरपुस्ता हस्तान्तरण हुँदै आएको रैथाने शब्दभण्डार र मौखिक इतिहास बिस्तारै हराउँदै जान थालेको छ (Bista, 1991, p. 76)।

त्यसैगरी, आधुनिक सूचना प्रविधि र सामाजिक सञ्जाल (जस्तै टिकटक, फेसबुक, युट्युब) को बढ्दो प्रयोगले बाजुराली युवा पुस्ताको सांस्कृतिक रुचिमा व्यापक विचलन ल्याएको देखिन्छ। आजको नयाँ पुस्ता आफ्नै आँगनमा खेलिने देउडा (ढुस्को) को पैताला चाल्न वा हुड्केलीको वीरगाथा सुन्नभन्दा पश्चिमा र आधुनिक पप संगीतमा झुम्न बढी रुचाउँछ। परम्परागत वाद्यवादन र रैथाने सांस्कृतिक विधाहरूलाई आधुनिक डिजिटल प्रविधिले विस्थापित गर्दै लैजाँदा लोकसंस्कृतिको मौलिक स्वाद र जीवन्तता संकटमा परेको छ, जसले गर्दा सांस्कृतिक रिक्तता को स्थिति सिर्जना भएको छ। यस पहिचानको संकटलाई मलजल गर्न हाम्रो वर्तमान औपचारिक शिक्षा प्रणालीको ढाँचाले पनि भूमिका खेलेको देखिन्छ। विद्यालयहरूको प्रारम्भिक तह (विशेष गरी कक्षा १) देखि नै मानक नेपाली वा अंग्रेजी भाषालाई मात्र शिक्षणको माध्यम बनाइँदा बालबालिकाहरू आफ्नो मातृपरिवेश र रैथाने भाषिकाबाट टाढिँदै गएका छन्। कक्षाकोठामा स्थानीय परिवेश, भूगोल, रैथाने शब्दभण्डार र लोककथाहरूको पर्याप्त प्रस्तुति नहुँदा बालबालिकाहरूले आफ्नै भाषा र संस्कृतिलाई 'पिछडिएको' ठान्ने र आधुनिकताको नाममा आयातीत संस्कृतिलाई अँगाल्ने मनोवैज्ञानिक हीनताबोध समेत विकास भइरहेको पाइन्छ।

सामाजिक रूपान्तरणको यो गतिमा परम्परागत सीप, भेषभूषा र रैथाने ज्ञान को पुस्तान्तरण रोकिनु अर्को गम्भीर चुनौती हो। पुराना पुस्ताका हुड्के चम्कने, भुवा खेल्ने र देउडाका टुक्काहरू तत्कालै कोर्न सक्ने सिद्धहस्त व्यक्तिहरूको अवसानसँगै त्यो ज्ञान पनि उनीहरूसँगै

विलीन भइरहेको छ। नयाँ पुस्ताले यसलाई व्यावसायिक र गौरवपूर्ण विधाका रूपमा अपनाउन नसक्दा बाजुराको विशिष्ट क्षेत्रीय पहिचान नै दीर्घकालमा नामेट हुने खतरा बढेको छ। बाजुराली हुनुको जुन मौलिक गौरव थियो, त्यो अब बिस्तारै स्मृति र इतिहासका पानाहरूमा मात्र सीमित हुने जोखिम टड्कारो बनेको छ । अन्ततः, आधुनिकता र रूपान्तरणलाई पूर्ण रूपमा रोक्न त सकिँदैन, तर यसको चेपुवामा परेर आफ्नो जग नै गुमाउनु आत्मघाती साबित हुन सक्छ । बाजुराको भाषा र संस्कृति यहाँको ऐतिहासिक पहिचानको प्राण भएकाले यस त्रिवेणीलाई सुक्न नदिनका लागि आधुनिकतासँग यसको उचित सन्तुलन मिलाउनु आवश्यक छ। प्रविधिलाई नै माध्यम बनाएर बाजुराली भाषाको अभिलेखीकरण गर्ने, स्थानीय पाठ्यक्रममा रैथाने कलालाई स्थान दिने र युवा पुस्तामा आफ्नो माटोप्रतिको अपनत्व बोध गराउन सके मात्र यो सामाजिक रूपान्तरणका बीच पनि बाजुराली पहिचानलाई जीवन्त राखिराख्न सकिन्छ।

**प्रारम्भिक कक्षाको शिक्षण सिकाइ र मौलिकता संरक्षणको प्रयास**

कुनै पनि समाजको रैथाने भाषा र संस्कृतिको संरक्षण गर्ने सबैभन्दा बलियो र प्राथमिक थलो विद्यालयको कक्षाकोठा हो । बालबालिकाहरूले आफ्नो जीवनको प्रारम्भिक चरणमा जे सिक्छन्, त्यसले नै उनीहरूको भाषिक रुचि र सांस्कृतिक दृष्टिकोणको निर्माण गर्दछ (Sharma, 2004, p. 142)। बाजुरा जिल्लाको सन्दर्भमा हेर्दा, यहाँको रैथाने बाजुराली भाषिका र लोकसंस्कृतिलाई जीवन्त राख्न प्रारम्भिक कक्षाहरूको (विशेष गरी कक्षा १ देखि ३ सम्मको) शिक्षण सिकाइ प्रक्रिया र पाठ्यक्रमको भूमिका निर्णायक देखिन्छ । प्राथमिक तहका बालबालिकाहरूलाई उनीहरूकै मातृपरिवेश र रैथाने माध्यमबाट अक्षर लेखन र भाषाको ज्ञान दिनु नै मौलिकता संरक्षणको पहिलो खुड्किलो हो । स्थलगत अध्ययन र कक्षा अवलोकनका क्रममा के पाइयो भने, बाजुराका ग्रामीण तथा सहरी क्षेत्रका विद्यालयहरूमा प्रारम्भिक कक्षाको शिक्षण सिकाइ प्रक्रियामा अझै पनि केही व्यावहारिक चुनौतीहरू विद्यमान छन्। कक्षा १ का बालबालिकाहरू घरबाट आफ्नै मौलिक बाजुराली भाषिका सिकेर विद्यालय आउँछन्, तर विद्यालय पस्नेबित्तिकै उनीहरूले मानक नेपाली वा अंग्रेजी भाषाको सामना गर्नुपर्छ। यसले गर्दा बालबालिकाहरूमा एक किसिमको भाषिक अलगाव पैदा हुने गरेको देखिन्छ । प्रारम्भिक कक्षाका पाठहरूको प्रस्तुतिमा स्थानीय परिवेश, रैथाने शब्दभण्डार र बाजुराको भूगोल सुहाउँदो सामग्रीहरूको अभाव रहँदा बालबालिकाको नमुना अक्षर लेखन र सिकाइ प्रक्रियामा सोचेजस्तो प्रगति हुन सकेको देखिँदैन।

तथापि, पछिल्लो समयमा नेपालको शैक्षिक नीतिले दिएको अधिकार प्रयोग गरी बाजुराका स्थानीय तहहरूले 'स्थानीय पाठ्यक्रम' (Local Curriculum) निर्माण र कार्यान्वयनको अभ्यास सुरु गर्नु मौलिकता संरक्षणको दिशामा एक सकारात्मक र प्रशंसनीय प्रयास हो । यस पाठ्यक्रम अन्तर्गत विद्यालयहरूमा बाजुराको स्थानीय भूगोल, बडिमालिका र बुढीनन्दा जस्ता ऐतिहासिक धार्मिक स्थलहरू, देउडा, हुड्केली जस्ता लोकसंस्कृति र रैथाने ज्ञानलाई पाठ्यसामग्रीमा समेट्न थालिएको छ । प्रारम्भिक कक्षाका विद्यार्थीहरूलाई उनीहरूकै वरपरको वातावरणसँग जोडेर वर्ण पहिचान र अक्षर लेखन सिकाउँदा उनीहरूमा आफ्नो भाषा र संस्कृतिप्रति आत्मीयता र गौरवबोध जागृत गराउन मद्दत पुगिरहेको छ । तर, स्थानीय पाठ्यक्रम लागू हुँदैमा संरक्षणको प्रयास पूर्ण रूपमा सफल हुन सकेको छैन, किनकि यसको कक्षाकोठा भित्रको व्यावहारिक प्रयोगमा अझै पनि शिक्षकहरूको क्षमता अभिवृद्धिको खाँचो छ । विद्यालयहरूमा कार्यरत शिक्षकहरूमा स्थानीय भाषिका, रैथाने सीप र मौलिक लोककथाहरूलाई कक्षाकोठाको दैनिक शिक्षण सिकाइ प्रक्रियासँग कलात्मक रूपमा अन्तरसम्बन्धित गराउने व्यावहारिक सीप र तालिमको अझै अभाव देखिन्छ। कतिपय अवस्थामा पाठ्यपुस्तक त स्थानीय हुन्छ, तर पढाउने शैली र माध्यम भने पुरानै मानक नेपाली ढाँचाको हुँदा बालबालिकाहरूले आफ्नो रैथाने भाषाको मर्मलाई आत्मसात गर्न पाइरहेका हुँदैनन्।

अन्ततः, प्रारम्भिक कक्षाको शिक्षण सिकाइलाई केवल अक्षर गोलो पार्ने र कखरा कण्ठ पार्ने माध्यम मात्र बनाइनु हुँदैन, बरु यसलाई बाजुराको सांस्कृतिक र भाषिक पूँजी हस्तान्तरण गर्ने आधारशिला बनाइनुपर्छ । कक्षा १ देखि नै विद्यार्थीहरूका लागि प्रयोग गरिने शिक्षण सामग्रीमा बाजुराली भाषिकाका स्थानीय

शब्दहरू (जस्तै 'आपुनो', 'भोल') लाई स्थान दिँदै, रैथाने बालगीत र लोककथाका माध्यमबाट शिक्षण गरिएमा बालबालिकाको सिकाइ उपलब्धि त उच्च हुन्छ नै, सँगसँगै भाषाको पुस्तान्तरण पनि सहज हुन्छ। प्रारम्भिक तहको कक्षाकोठालाई नै मौलिकता संरक्षणको प्रयोगशाला बनाउन सके मात्र बाजुराको भाषा, संस्कृति र पहिचानको यो त्रिवेणी आगामी पुस्ताका लागि अक्षुण्ण रहन सक्छ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले 'बाजुरा: भाषा, संस्कृति र पहिचानको त्रिवेणी' का रूपमा यस क्षेत्रको ऐतिहासिक खस विरासत, समृद्ध देउडा–हुड्केली–भुवा लोकसंस्कृति र विशिष्ट जनजीवनबीचको अटुट अन्तरसम्बन्धलाई उजागर गरेको छ। बाजुराली भाषिका र लोकपरम्पराहरू केवल मनोरञ्जन वा सञ्चारका माध्यम मात्र नभएर यस क्षेत्रको मौखिक इतिहास, सामाजिक चेतना र पहिचानका प्राण हुन् भन्ने तथ्य अध्ययनले पुष्टि गर्दछ। तर, वर्तमान समयमा तीव्र बसाइँसराइ, आधुनिक सूचना प्रविधिको संसर्ग र औपचारिक शिक्षामा रैथाने ज्ञानको उपेक्षाका कारण यो भाषिक र सांस्कृतिक वैभव पुस्तान्तरणको गम्भीर सङ्कट उन्मुख देखिन्छ। यस त्रिवेणीलाई संरक्षण गर्नका लागि प्रारम्भिक कक्षा (विशेष गरी कक्षा १) को शिक्षण सिकाइ प्रक्रिया र स्थानीय पाठ्यक्रमको भूमिका सबैभन्दा निर्णायक हुने निष्कर्ष यस अध्ययनले निकालेको छ। बालबालिकाको घरको भाषा (बाजुराली भाषिका) र विद्यालयको भाषा (मानक नेपाली) बीचको खाडललाई कम गर्दै कक्षाकोठामा रैथाने शब्दभण्डार, बालगीत र स्थानीय सन्दर्भहरूलाई स्थान दिनु अपरिहार्य छ। स्थानीय तहबाट सुरु भएका पाठ्यक्रम निर्माणका प्रयासहरूलाई अझ बढी व्यावहारिक र शिक्षक–केन्द्रित तालिम मार्फत सुदृढ गरिनुपर्छ । अन्ततः, आधुनिकता र सामाजिक रूपान्तरणको गतिलाई आत्मसात गर्दै आफ्नो मौलिक जनेरेसनल पूँजीलाई जोगाउनु नै आजको मुख्य चुनौती र आवश्यकता हो । बाजुराली भाषाको शब्दकोश निर्माण, लोकभाकाहरूको डिजिटल अभिलेखीकरण र प्रारम्भिक तहदेखि नै रैथाने पहिचान झल्कने सामग्रीहरूको प्रवर्द्धन गरेर मात्र भाषा, संस्कृति र पहिचानको यो ऐतिहासिक त्रिवेणीलाई भावी पुस्ताका लागि जीवन्त र अक्षुण्ण राख्न सकिन्छ।

## सन्दर्भ सामग्रीहरू


आचार्य, व्रतराज. (२०६५). *खस भाषा र साहित्यको इतिहास*. रत्न पुस्तक भण्डार.

आर्याल, भैरव. (२०७५). *नेपाली लोकसंस्कृति र परम्परा*. साझा प्रकाशन.

जोशी, आर. सी. (२०७८). सुदूरपश्चिमको भाषिक वैशिष्ट्य र बाजुराली भाषिका. *प्रज्ञा जर्नल, २३*(२), ४५–५८.

त्रिपाठी, जगन्नाथ. (२०७२). *नेपालका स्थानीय भाषिका र मौखिक परम्परा*. विद्यार्थी पुस्तक प्रकाशन.

नेपाली, पूर्णप्रकाश. (२०८१). *सुदूरपश्चिमको लोकसाहित्य र संस्कृति*. सुदूरपश्चिम वाङ्मय प्रतिष्ठान.

विष्ट, डोरबहादुर. (२०७५). *सबै जातको फूलबारी* (संशोधित संस्करण). साझा प्रकाशन।

शर्मा, देवीप्रसाद. (२०७०). नेपालको इतिहास र खस साम्राज्य. पैरवी प्रकाशन.

शाही, मानबहादुर. (२०७९). बाजुराको देउडा र हुड्केली संस्कृति: एक समाजशास्त्रीय अध्ययन. *सांस्कृतिक अनुसन्धान पत्रिका, १५*(१), १२–२८.

Bista, D. B. (1991). *Fatalism and Development: Nepal's struggle for modernization*. Orient Longman.

Gautam, R., & Thapa-Magar, A. K. (1994). *Tribal ethnography of Nepal* (Vol. II). Book Faith India.

Joshi, L. R. (2020). Socio-linguistic variation in Far-Western Nepali dialects. *Journal of Nepalese Studies*, *12*(3), 89–104.

Sharma, P. R. (2004). *The state and society in Nepal: Historical foundations and contemporary trends*. Himal Books.

Turin, M. (2007). *Linguistic diversity and endangered languages in Nepal*. UNESCO.